हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY

मो. ९८०५९६१००६
जे.डी.
स्टेशनरी एण्ड स्पोर्टस सेन्टर
लहान-६

यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

वर्ष : ०१ अंक : १७० पृष्ठ : ४ २०७७ माघ ०८ गते बिहीबार (Thursday 21 January 2021) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

*विद्यालयमा चरम राजनीति*

## चुनावको झल्को दिनेगरी व्यवस्थापन समिति छनौटमा मतदान





सिरहा । आम निर्वाचनको झल्को दिनेगरी सिरहाको कल्याणपुर नगरपालिका-११ स्थित रामदुलारी माध्यमिक विद्यालयमा विद्यालय व्ययस्थापन समिति छनौटकै लागि बुधबार मतदान गरिएको छ । माघे चिसोको प्रवाह नगरी ७ वर्षपछि व्यवस्थापन समिति छनौटका लागि मतदान भएको हो । ७ वर्षदेखि विद्यालय समितिविहीन थियो । पटक पटक अभिभावक भेला डाँक्दै आएपनि चरम राजनीतिका कारण समिति गठन हुन सकेको थिएन् । स्थानीय राजनीतिक दलले आ-आफ्नो दाबी गर्दै आएका कारण समिति गठन हुन सकेको थिएन । समिति नहुँदा विद्यालयको अवस्था खस्किदैँ गएको थियो । धेरै मेहनतपछि राजनीतिक दलकै दबाबमा व्यवस्थापन समिति बनाउन निर्वाचन गराउनुपरेको प्रधानाध्यापक लालदेव साहले सुनाए । चुनाव गराउन नगरपालिकाबाट पनि कर्मचारी खटिएका थिए । बुधबार ४ सदस्यका लागि भएको निर्वाचनमा निर्वाचन

बाँकी ३ पेजमा

## चिसोको कहर

लहान नगरपालिका-२४ मानिकदह मुसहर बस्तीका ५६ वर्षीया रैबियादेवी सदाय



भत्केको घरमा दाउराको 'मचान' मा पराल ओछ्याएर चारैतिर साडीले बेरेर अत्यधिक बढिरहेको चिसोको सामना गर्दै आएकी छन् । ६३ वर्षीया बेचनी सदाय चिसो भुईमा एउटा च्यातिएको त्रिपाल ओछयाउँछन् । र, त्यही ओछ्यानमा ३ जना नातिहरू लिएर पातलो कम्मल ओढेर रात जसोतसो कटाउँछन् । चिसो बढेदेखि उनीहरू रातभरि निदाउँन सकेको छैन् । भन्छिन् 'जाडो महिना कहिले नआइदिए हुन्थ्यो ।'

माघको सुरूदेखि बढेको चिसोले त्यही बस्तीका ४७ घरपरिवार प्रभावित छन् । यतिबेला यहाँका गाउँबस्तीहरूमा वृद्धवृद्धा र

बाँकी ३ पेजमा

**बगैंचा सहितको जग्गा बिक्रीमा**

लहान नगरपालिका वडा नम्बर २४ को रोडसँग जोडिएको जम्मा जग्गा २ बिघा २ कठ्ठामा भएको १३५ वटा आँपको रुख, १५ वटा कटहरको रुख, ७ फिट मोटाई भएको टिक, गम्हारीको ३५ वटा रुखसहित जग्गा बिक्रीमा छ ।
सम्पर्क नम्बर : ०३३-५६०२१९
मोबाइल नम्बर : ९८४२८२७२४७, ९८४२८२४९७०

सूचना ! सूचना !! सूचना !!!
MASSEY FERGUSON
मेसिफर्गुसन ट्र्याक्टरको खरिदमा
रु. १५,०००।- देखि रु.३०,०००।- सम्मको बम्पर छुट

यस छुटको समयावधि यही २०७७ माघ १० गते देखि चैत्र १५ गते सम्म भएको हुनाले कृपया सो मौकामा चौका पार्नुहोस् । र, साथै यस छुटको अवधिमा लिने ग्राहक वर्गमा विशेष गिफ्टको व्यवस्था गरिएको छ ।
गिफ्ट किसिम :
a) Led TV-24"
b) Fridge - 170 Ltr.
c) Leveller

हाम्रो यस फर्म रत्ना ओटो लहान-१, सिरहामा ट्र्याक्टर बिक्रीको लागी केही कर्मचारीको आवश्यकता भएको हुनाले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
सम्पर्क स्थान : रत्ना ओटो पडरिया-१, लहान सिरहा
फोन नं. :- ०३३-५६२१३५
मोवाईल :- ९८०११५१४३८






फ्रेन्डस मोडेल हसिपटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरू
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

## सम्पादकीय

# चुरे दोहन रोकौं

चुरे क्षेत्र उजाड भएपछि आसपासका खहरेहरुले ठूलो क्षति पुऱ्याउन थालेका छन् । वन मासिएपछि खहरले स्वरुप परिवर्तन गर्दा धेरै किसानहरुको खेतबारीमा कटान गरिरहेको छ । जसका कारण चुरे आसपास र तराई मधेसको समथर भुभागमा बसोबास गर्नेहरुले समेत पीडा भोग्नु परेको छ । चुरे दोहनले पानी समेत पाउन छोडेको छ । चुरे वन भित्रैका पानीका कुवाहरु, खोलाहरु सुकिसकेका छन् । चुरे वन विनासले जमीनमुनिको पानीको सतह कम हुदै गएकोले चुरेको फेदमा रहेको सिरहाको बडहाडामालदेखि सप्तरीको फत्तेपुरसम्मको हजारौं भन्दा बढी इनार, ट्युवेल सुकेको छ भने राजमार्ग दक्षिणको गाउँहरुका पनि दर्जनौं ट्युवेल, बोरिङ्ग र इनार सुक्न थालेको स्थानीयबासीको भनाइ छ । यस्तै स्थिति रहने हो भने आगामी एक दशक भित्र चुरे पर्वतको विनास, तराईको उर्वर भूमि वालुवाको डंगुरमा परिणत हुने तथा तराईमा पानीको हाहाकार हुने निश्चित छ ।

चुरे दोहनका कारण चुरेको उत्तरी क्षेत्रभन्दा पनि ठूलो असर दक्षिणी क्षेत्रको तराई भेगमा परिरहेको छ । चुरे पहाडमा मुहान भएका बलान, खाँडो, महुलीलगायतका नदीले सिरहा र सप्तरीको हजारौं हेक्टर खेतीयोग्य जमीन बगरमा परिणत गरेको छ । चुरेमा जंगल फडानी र खोलाबाट अनियन्त्रित रुपमा ढुंगा, बालुवा तथा गिटी उत्खनन एवं संकलन गर्दा त्यसको असर परेको हो । चुरे क्षेत्रमा भएको वन फडानीको असर स्थानीयले भागिरहेका छन् । चुरेको विनास हुँदा प्रकृति र वातावरणसहित मानव जीवनमा गम्भिर असर पुगेको छ । प्रकृतिको दोहन बढ्दा मानव तथा वन्यजन्तुको जीवन संकटमा परेको छ । स्थानीयले जलवायु परिवर्तनको प्रत्यक्ष असरको अनुभव गरेका छन् ।

नदी किनार कटानले गर्दा खेतीयोग्य जमीन बगरमा परिणत भएको छ । भिरालो चुरे पहाडमा तिब्र गतिमा ढुंगा, गेग्रान लिएर आउँदा भावर तथा तराई क्षेको खेतीयोग्य भूमि कटान भएको हो । यसरी बर्सेनि खेतीयोग्य सयौं हेक्टर जमिन बगर भएको छ । त्यतिमात्रै होइन चुरेबाट बगेर आएका ढुंगा, माटो, गिट्टी थुप्रिए पछि खेतीयोज्य जमिन, बस्ती समस्यामा परेका छन् । सरकारको नियंत्रणमा रहेको चुरे क्षेत्रको वनमा सग्लो रुख एउटा पनि बाँकी नरहदा चुरेको अस्तित्व नै संकटमा पर्दै गएको छ । खेतीयोग्य जनिममात्र नभएर पर्यावरणमा पनि असर परेको छ । वनजन्तुलाई पनि पानी खान नपाएर बसाईसराई र लोप हुने अवस्था आउन सक्छ ।

चुरे र समथल भूभागको रिचार्ज नहुँदा तराईमा मुहान सुक्दै गएका छन् । तराईका विभिन्न जिल्लामा पिउने पानीको पनि समस्या देखिएको छ । वनजंगल भए पानी जमिनमुनी गई भूमिगत जललाई रिचार्ज हुन्छ । वन विनास भए पछि आकासबाट परेको पानी जमिन मुनी जाँदैन । पानी बाहिर बग्दा भूक्षय हुन्छ । वन विनास हुँदा जमिन रिचार्ज नभई त्यसले भूक्षय निम्त्याएको हो । तराईमा भूमिगत पानीको सतह घट्दै गएको छ । तराईको समथर ठाउँमा चापाकलबाट पानी तान्न धेरै खन्नुपर्ने अवस्था आएको छ ।

नेपालको कुल क्षेत्रफलमध्ये १२ दशमलव ७८ प्रतिशत चुरे पहाड पर्छ । चुरे गेग्र्यानले बनेको कमलो कान्छो पहाड हो । चुरेको अवैज्ञानिक दोहन बढ्दै गए मधेस मरुभूमिमा परिणत हुन सक्छ । तसर्थ चुरे दोहन रोक्नका लागि सरोकारवाला निकायले यसमा कडाई गर्न आवश्यक छ ।

# तातिएको राजनीति, चिसिएको सडक

## सडक नतात्नुका चार कारण

**आकाश क्षेत्री**

हावा चिसिने याम हो, यो । तर, मुलुकको राजनीति अचाक्ली तातिएको छ । प्रस्टै देखिन्छ– नेपालको राजनीतिक वृत्त दुई धारमा विभाजित छ । एउटा धार सरकारको पक्षमा छ भने अर्को सरकारको विपक्षमा । पुस ५ गते नेपालको राजनीतिक वृत्तलाई तताउने दुईवटा घटना घटे । एउटा, नेकपाको पुष्पकमल दाहाल–माधवकुमार नेपाल समूहले प्रधानमन्त्री केपी ओलीविरूद्ध अविश्वासको प्रस्ताव दर्ता गर्ने तयारी गऱ्यो । अर्को, प्रधानमन्त्री ओलीले प्रतिनिधि सभा विघटनको कदम चाले । यी दुई घटनाले मुलुकको राजनीतिलाई गरम गरायो ।




सरकार पक्ष आफूलाई बचाउन अनेक प्रयत्न गरिरहेको देखिन्छ । त्यस्तै इतर पक्षले पनि सरकारको विरोधमा देशव्यापी आन्दोलन चर्काउने प्रयास गरिरहेको छ । तर, त्यो प्रयास उस्तो उत्साहजन देखिन्न । सरकारविरूद्ध सडकमा उत्रिएका मानिसलाई राजनीतिक दलहरूले सडकमै टिकाइरहन सकेका छैनन् । ओलीको कदमविरूद्ध सबै दलले सडक आन्दोलन गरिरहेका छन् । तर, शीर्ष नेता उपस्थित केही सभाबाहेक अन्य प्रदर्शनमा आम मानिसको उपस्थिति कमजोर छ । यसको एउटा उदाहरण हो, प्रकाशमान सिंह नेतृत्वको विरोध प्रदर्शन । एक महिना अघिसम्म सिंह मुलुककै 'मुटु' क्षेत्र अर्थात् काठमाडौं–१ का जनप्रतिनिधि थिए । तर, पुस ५ गते प्रधानमन्त्री केपी ओलीले प्रतिनिधि सभा भंग गरेपछि उनी प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका नेता मात्र रहे ।

तिनै सिंह पुस २५ गते प्रधानमन्त्री ओलीविरूद्ध सडकमा उत्रिए । त्यो पनि आफ्नै निर्वाचन क्षेत्रमा । उनको नारा थियो, 'कम्युनिस्ट सरकारको सर्वसत्तावादविरूद्धको विरोध प्रदर्शनमा सहभागी बनौं ।' तर, विरोध प्रदर्शनमा जनसहभागिता भने एकदमै कमजोर थियो । नयाँ बानेश्वरस्थित देउराली क्लब अगाडि सिंहको 'भाषण' सुन्ने उनी निकट कार्यकर्ता मात्र थिए । राजधानीका रैथाने सिंहको प्रदर्शन त एउटा उदाहरण मात्र हो । पछिल्लो समय दोस्रो तहका नेता उपस्थित राजनीतिक प्रदर्शनमा उत्साहजनक जनसहभागिता छैन । सत्तारूढ नेकपाको दाहाल–नेपाल समूह अहिले सडकमै छ । प्रतिनिधि सभा विघटनको चार दिनपछि यो समूहले नारायणकाजी श्रेष्ठको नेतृत्वमा आन्दोलन परिचालन समितिसमेत गठन गरेको थियो । देशव्यापीरूपमा सडक तताउन गठन गरिएको यो समितिमा २ हजार ५०१ सदस्य छन् ।

प्रधानमन्त्री ओलीको कदमविरूद्ध आन्दोलन गर्न गठन भएको यो समितिले राजधानीका सडक केही दिन त तातायो । तर, प्रदर्शनलाई लामो समय टिकाइराख्न सकेन । शीर्ष नेताहरु सहभागी भएका केही छिटपुट सभाबाहेक दाहाल–नेपाल समूहले ठूलो प्रदर्शन गर्न सकेको छैन । नेकपा विभाजनको फाइदा उठाउँदै प्रतिपक्षी दलहरु पनि सडक आन्दोलनमा होमिएका छन् । तर, यिनीहरूको प्रदर्शन पनि 'जनसागर' भन्न योग्य देखिन्न । छिटपुट कार्यकर्ता भेला भने गरिरहेका छन् ।

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले पहिलो चरणको आन्दोलन गरिसकेको छ । पुस १३ गते १६५ प्रतिनिधि सभा निर्वाचन क्षेत्रमा प्रधानमन्त्रीको कदमविरूद्ध उसले आन्दोलन गरेको हो ।

अहिले कांग्रेस दोस्रो चरणको आन्दोलनमा छ । पुस २५ गतेदेखि सुरू भएको दोस्रो चरणको आन्दोलनमा ३३० प्रदेश सभा निर्वाचन क्षेत्र, ७५३ पालिकामा विरोध सभा भइसक्यो । बिहीबार (आज) ६७४३ वडामा कांग्रेसले विरोधसभा गर्दैछ । तर, यो आन्दोलन नाम मात्रैको आन्दोलन जस्तो देखिन्छ । यो आन्दोलनमा जनसहभागिता अत्यन्तै कम छ । प्रतिपक्षी दल जनता समाजवादी पार्टी (जसपा)ले पनि प्रतिनिधि सभा विघटनविरूद्ध पुस २५ गतेदेखि माघ ७ गतेसम्म जनप्रदर्शन एवं विरोधका कार्यक्रम घोषणा गरेको गऱ्यो । यही कार्यक्रमअन्तर्गत जसपाले राजधानीलगायतका केही स्थानमा प्रदर्शन गरिसकेको छ । तर, त्यो प्रदर्शन साह्रै छोटो र कमजोर देखियो । त्यस्तै राष्ट्रिय प्रजातन्त्र पार्टी, विवेकशील साझालगायतका राजनीतिक दलले पनि राजधानीलगायतका क्षेत्रमा सरकारविरूद्ध प्रदर्शन गरिरहेका छन् । पार्टीगत विरोध प्रदर्शनमा ती दलले आफ्ना पूर्णकालीन केही कार्यकर्ताबाहेकको जनसमर्थन प्राप्त गर्न सकेका छैनन् ।

राजनीतिक विश्लेषक श्याम श्रेष्ठ नेताहरूलाई विश्वास गर्न नसकेका कारण जनताको उभार सडकमा नदेखिएको बताउँछन् । उनका अनुसार प्रधानमन्त्री ओलीको कदमको विरोध हुँदै जाँदा जनता पनि छिट्टै सडकमा आउँछन् । जनता प्रतिनिधि सभा विघटनको पक्षमा नरहेको तर अहिलेको नेतृत्वलाई विश्वास गर्न नसकेको श्रेष्ठको बुझाइ छ ।अहिलेको आन्दोलनकारी नेतृत्वले आम मानिसका मुद्दा उठाउन सकेको छैन, जनताले आफ्नो मुद्दा उठाओस् भन्ने चाहेका छन् तर अहिलेका नेताले सत्ता प्रप्तिको मुद्दा मात्र उठाएका छन्,' उनी भन्छन्, 'पार्टीहरु आत्मालोचना गरेर आऊन् भन्ने जनताले चाहना छ ।'

त्यस्तै प्रधानमन्त्री ओलीको कदमविरूद्ध पछिल्लो समय माइतीघरमा नयाँ 'नागरिक समाज' देखिन थालेको छ । माइतीघर मण्डलामा देखिने यो नयाँ नागरिक समाजको प्रदर्शनमा दलहरूको नेतृत्वमा भएका आन्दोलनमा भन्दा अलि बढी जनसहभागिता देखिए पनि उल्लेख्य भने छैन ।

नागरिक समाजका अगुवा कृष्ण पहाडी नेताहरूको ढुलमुले प्रवृत्तिले नै आम मानिस सडकमा आउन नसकेको बताउँछन् । उनका अनुसार अहिले मानिस भ्रष्टाचार र कुशासनका कारण असन्तुष्ट छन् ।

नेताहरूले जनतासामु आफूले गरेका गल्तीको माफी माग्नुपर्छ र भविष्यमा गल्ती गर्दिनँ भन्नुपर्छ, तब मात्र उनीहरूका कुरा जनताले सुन्छन्, उनी भन्छन् ।

प्रतिनिधि सभा विघटनपछि आम नेपाली सडकमा उत्रिन नसक्नुका चार कारण हामीले यहाँ उल्लेख गरेका छौं । यसका लागि हामीले आम मानिस र विभिन्न क्षेत्रका व्यक्तिसँग कुराकानी पनि गरेका थियौं । प्रस्तुत छन्, चार कारण

### कोभिड–१९ महामारी

कोभिड–१९ नामक संक्रामक विषाणुले नेपाललाई पनि अछुतो राखेको छैन । यो महामारीको असर नेपालको राजनीतिक अभियानमा पनि परेको छ । जसको पछिल्लो दृष्टान्त हो, प्रधानमन्त्री ओलीले प्रतिनिधि सभा विघटन गरेपछि नतातिएको सडक । यो विषाणुका कारण नेपालमा १ हजार ९७५ जनाले ज्यान गुमाइसकेका छन् । त्यस्तै २ लाख ६८ हजार ३१० जना संक्रमित भइसकेका छन् । डिसेम्बर, २०१९ मा चीनको वुहानमा यो संक्रामक विषाणु देखापऱ्यो । जो अत्यधिक द्रुत गतिमा फैलिरहेको थियो । प्रारम्भिक समयमा यसलाई कोरोना भाइरस भनियो । पछि विश्व स्वास्थ्य संगठनले कोभिड–१९ नामकरण गऱ्यो ।

ठीक एक वर्षअघि यो भाइरस नेपालमा पहिलो पटक देखापऱ्यो । संक्रमण बढ्दै गएपछि गत चैत महिनामा सरकारले देशव्यापी लकडाउन गऱ्यो । त्यसपछि अर्कोपटक निषेधाज्ञा गऱ्यो । निषेधाज्ञापछि संक्रमण र मृत्युको दर बढ्दै गए । यसले नेपाली समाजमा कोभिड भाइरसप्रति भनै डर जगायो ।

जहाँ तहीँ भौतिक दूरी, संक्रमण, मृत्युको कुरा

बाँकी ४ पेजमा

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- इच्छा र आकांक्ष पूर्ण हुनेछन् । छोटो दुरीको लाभदायक यात्रा हुनेछ । मित्र वा आफन्तको सहयोग मिल्नेछ । तिर्थाटनको योग पनि छ ।

**वृष** :- गरेका कार्यमा ढिलासुस्ती हुनेछ । आफूलाई कमजोर भएको अनुभूति हुनेछ । प्रेमप्रसङ्गमा समेत नरमाइलोपन आउनसक्छ ।

**मिथुन**:- शुभकार्यको चर्चा चल्नेछ । शत्रुमाथि विजय प्राप्त हुनेछ । कलकारखाना र बन्दव्यापारमा फाइदा हुनेछ । सांस्कृतिक क्षेत्रमा रूची बढ्नेछ ।

**कर्कट** :- आज आफ्नो क्षेत्रमा प्रभूत्त्व जमाउन सकिने छ । नयाँ वस्त्र, अलंकारको प्राप्ति हुनेछ । महिला वा मित्रबाट विशेष सहयोग पनि मिल्नेछ ।

**सिंह**:- आज आफन्तको प्रगतिमा मन रमाउनेछ । विचार, विद्या र बुद्धिको विकास हुनेछ । व्यावसायिक काममा राम्रै फड्कोमार्न सकिनेछ ।

**कन्या** :- आज दबाब र तनाव बढेको महसुस हुनेछ । प्रेमी प्रेमिकाका बिच खिन्नता बढ्नेछ । मनमा निरासा र शरीरमा आलस्य आउन सक्छ ।

**तुला** :- आत्मविश्वास र पराक्रममा वृद्धि हुनेछ । बौद्धिकताको विकास हुनेछ । राजनैतिक क्षेत्रमा सफलता मिल्नेछ । न्यायिक कार्यमा सफलता मिल्नेछ ।

**वृश्चिक** :- महिलावर्गबाट विशेष सहयोग मिल्नेछ । नयाँ सामान हात पर्ने र शिक्षामा सफलता मिल्नेछ । आर्थिक कारोवारमा सफलता पाईएला ।

**धनु** :- आज प्रेमसम्बन्ध र प्रणयप्रसङ्गका लागि श्रेष्ठ समय रहेकोछ । कूटनीतिक नियोगको सहयोग मिल्ला । पुनर्मिलनको योग पनि रहेको छ ।

**मकर**:- एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । बन्धु बान्धवबाट विशेष सहयोग मिल्नेछ । साँझपख शुभ समाचार आउन सक्छ ।

**कुम्भ**:- कला र गलाको प्रभाव बढ्नेछ । सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ । भाग्यले विभिन्न अवसर जुराउनेछ । धर्म र कर्ममा मन पनि लाग्नेछ ।

**मिन** :- नयाँ–नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । लगनशीलताले कामहरू अगाडी बढ्नेछन । मान प्रतिष्ठामा बृद्धि होला । विपरीत वर्गप्रति आकर्षण बढ्नेछ ।

# गोलबजार जेसिजको अध्यक्षमा गुप्ता

**फिरोज शेख**

लहान । गोलबजार जेसिजको चौथो साधरण सभा तथा शाखा अधिवेशनबाट जेसिज बर्ष २०२१ को लागि सुमन गुप्ता चयन भएका छन् । लहान नगरपालिका १५ शोभापुरको हात्तीदहमा आयोजित साधरण सभा तथा पद स्थापना कार्यक्रममा गुप्ताको अध्यक्षतामा निर्विरोध कार्यसमिति चयन गरिएको हो ।

वर्ष २०२१ का लागि गठित समितिको कार्यकारी उपाध्यक्षमा अस्मिता कटवाल र किरण पराजुली चयन भएका छन् । त्यसैगरी उपाध्यक्षमा कपिल कुमार दयाल, सुष्मा सिंह, सुरज महतो र राम जीवन यादव, जनसम्पर्क अधिकारीमा यसराज अग्रवाल चयन भएका छन् ।




नेपाल जेसिसका प्रशिक्षक तथा लहान सिटि जेसिजका पुर्व अध्यक्ष राजा बाबु साहको प्रमुख आतिथ्यता र वर्ष २०२० का अध्यक्ष विन्देश्वर साहको अध्यक्षतामा साधरण सभा तथा पद स्थापना कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा राजविराज जेसिज वर्ष २०२० का अध्यक्ष नानीमैयाँ कटवाल 'पुनम', उदयपुर जेसिज वर्ष २०२० का अध्यक्ष ललित नायक , समाजसेवी मस जोडी महेश चौधरी ,संगीता कर्मचार्य , शेख मिडिया हाउस प्रालि तथा रेडियो सरगम ९३ मेगाहर्जका संचालक फिरोज शेख अतिथीका रूपमा सहभागी थिए ।

कार्यक्रममा लहान जेसिजका पुर्व अध्यक्षहरू शंकर प्रसाद गुप्ता, रियासत लिमि मुन्ना, सत्यनारायण पंजियार, राजु गुप्ता, वर्ष २०२० का अध्यक्ष बसन्त साह, गोलबजार जेसिजका पुर्व अध्यक्ष श्याम साह भोरेभोर, सुनचाँदी व्यवसाय संघका पदाधिकारी लगायत विभिन्न संघ संस्थाका पदाधिकारीहरूको उपस्तिथिमा वर्ष २०२० का अध्यक्ष विन्देश्वर साहले वर्ष २०२१ का अध्यक्ष सुमन गुप्तालाई आफ्नो चेन हस्तान्तरण गर्दै पदभार ग्रहण गराएका थिए । कार्यक्रममाा उपस्थित सम्पूर्ण अतिथिहरू लाई वर्ष २०२० का अध्यक्ष साहले मायाको चिनो सहित सम्मान गरेका थिए ।

## चुनावको...

राजनीतिक दलका स्थानीय नेताहरू प्यानल बनाएर प्रतिस्पर्धामा उत्रेका छन् । गत पुस १२ गतेदेखि निर्वाचन प्रक्रिया सुरू गरिएको थियो । प्रावधान अनुसार निर्वाचित भएका सदस्य, मनोनित सदस्य, शिक्षक प्रतिनिधि, वडाध्यक्षसहितले एकजनालाई पछि अध्यक्ष छनौट गर्नेछ । जनता समाजवादी पार्टी( जसपा), नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी(नेकपा)बाट नेताहरूले ४ सदस्यका लागि १३ जनाले उम्मेदवारी दिएका छन् । जसपाबाट सत्रुघन यादव, कांग्रेसबाट राजकिशोर साह, नेकपाबाट किशोरी मण्डल र नथुनी यादव प्यानलसहित उम्मेदवार छन् । स्थानीयका अनुसार नेकपामा यहाँ दुईवटा समुहमा विभाजित भएका छन् । एउटामा किशोरी र अर्को समूहलाई नथुनीले नेतृत्व गरेका छन् । यसैगरी राजकिशोर साह जसपाकै थिए । उनलाई पार्टीले सदस्यमा समर्थन नगरेपछि कांग्रेसको समर्थनमा उम्मेदवार भएका छन् ।

मतदान स्थलमा पनि उम्मेदवारहरूले मत खसाल्न आउनेहरूलाई आफूतिर प्रभावित गर्न खाजा खुवाएका थिए । ९९५ जना अभिभावकमध्येबाट ६९२ जनाले साँझ सम्ममा मतदान गरेको प्रअ साहले जानकारी दिए । निर्वाचन गराउन विद्यालयको १ लाख रूपैयाँ भन्दा बढी खर्च भएको उनले बताए । निर्वाचित भएपछि विद्यालयमा सुधार ल्याउने उम्मेदवारले बताएका छन् ।

उम्मेदवारले गाउँ–गाउँमा पुगेर अभिभावकसँग मत माग्न पैसाको पनि चलखेल गरेको स्थानीय संजय महराले सुनाए । 'हप्तौं अगाडीदेखि निर्वाचन जस्तै चहलपहल अभिभावक समक्ष नेताहरूले गरिरेहका थिए,' उनले भने, 'राजनीतिकै कारण विद्यालय चौपट भएको छ । तरपनि नेताहरू राजनीति अखडा बनाउन छोडेको छैन् ।' समितिका अध्यक्ष भए विद्यालयमा आर्थिक चलखेल गर्न पाउने लोभले यस्तो अवस्था देखिएको उनले सुनाए ।

'अभिभावक मात्रै भेलामा बस्दा सर्वसम्मतीबाटै निकास आउथ्यो तर, नेताहरूले दबाब बढाउन थालेपछि सहमति भएन्,' एक अभिभावकले भने, 'गरिब पढ्ने विद्यालयमा राजनीतिले कहिले नछोड्ने भयो ।' उनका अनुसार नेताहरूले आफ्नो छोराछोरी बाहिर राखेर यहाँ राजनीति गरिरहेका छ ।

## चिसोको...

बालबालिकालाई चिसो छल्न समस्या भइरहेको छ । खाने बस्नेदेखि ओढ्ने ओछयाउनेसम्मको समस्या छ । दैनिक मजदुरी गर्नेले काम गर्न जान पाएका छैनन् । सरकारले ओढ्ने कम्मल व्यवस्था गरिदियोस भनेर विपन्न बस्तीका वासिन्दाहरूको माग छ ।

नगरपालिकासँग शितलहर पीडितलाई राहत माग गरेको सोही वडाका वडाध्यक्ष कमलदेव यादवले बताए । 'बस्तीहरूबाट १५० परिवारलाई ओढ्ने कम्मल दिनुपर्ने माग गरेका छौँ,' उनले भने, 'तर, नगरपालिकाबाट प्राप्त केही भएको छैन् । हामीले तथ्याकं पठाएका छौँ ।' शितलहर विपन्न बस्तीमा बिजोग रहेको उनले सुनाए ।

लहान नगरपालिकाका अनुसार नगरपालिकाबाट केही लाख बजेट विनियोजन गरिएको छ । तथ्यांक संकलन कार्य भइरहेको र त्यसपछि न्यानो लुगा बाडिने नगरपालिकाले जनाएको छ ।

जिल्ला स्तरीय विपद् व्यवस्थापन समितिको निर्णय अनुसार हामीले कम्मल वितरण गर्ने कार्यलाई अगाडी बढाएको रेडक्रस सिरहा शाखाका सभापति राजदेव यादवले जानकारी दिए । ठाउँठाउँमा लागत संकलन भइरहेको उनले सुनाए । अहिले सम्म आवश्यक परेका २५ जनालाई रेडक्रसले कम्मल वितरण गरेको छ ।

प्रमुख जिल्ला अधिकारी प्रदीपराज कणेलका अनुसार गएको कार्तिक १९ गते नै कार्यविधिअनुसार स्थानीय तह मार्फत पूर्वपहिचान र पूर्वतयारी सम्बन्धी कार्यको निर्देशन गरिएको छ ।

'विरामी, सुत्केरी, गर्भवति, वृद्धवृद्धा र बालबालिकालाई न्यानो लुगा बाड्ने कार्य भइरहेको जिल्लाभरिबाट जानकारी प्राप्त भएको छ,' उनले भने, 'संघसंस्था, नागरिकहरूले सहयोग गरिरहेको छ ।' डिभिजन वन कार्यालय लहानबाट स्थानीय तहमा सात ट्याक्टर दाउरा वितरण गर्न पठाएको उनले बताए । प्रहरीको सक्रियतामा जिल्लाको २ सय स्थानमा घुर बालिएको छ ।


भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र

-: जनहितका लागि :-

लहानपोस्ट LAHANPOST DAILY


## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३–५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३–५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३–५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३–५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३–५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३–५६०२४६ |
| सव स्टेशन, लहान | ०३३–५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३–५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३–५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३–५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३–५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३–५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३–५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३–५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३–५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३–५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३–५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३–५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३–५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३–५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३–५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३–५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३–५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३–५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३–५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३–५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३–५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३–५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३–५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३–५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३–५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३–५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३–५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३–५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३–५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३–५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३–५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३–५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३–५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान–७ | ०३३–५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान–१० | ९८४२८९०९६५ |


## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

*शीत–लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :*

१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत–लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत–लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत–लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

लहान नगरपालिका कार्यालय, सिरहा | कर्जन्हा नगरपालिका कार्यालय, सिरहा

मिर्चैया नगरपालिका कार्यालय, सिरहा | सुखिपुर नगरपालिका कार्यालय, सिरहा

कल्याणपुर नगरपालिका कार्यालय, सिरहा | धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

गोलबजार नगरपालिका कार्यालय, सिरहा | सिरहा नगरपालिका कार्यालय, सिरहा

# माडर फुटबल प्रतियोगिताको उपाधी गौरीपुरले चुम्यो

■ बद्री नारायण यादव

**सिरहा ।** न्यू नेपाल फेर्न्स क्लबद्वारा सिरहा नगरपालिकाको माडरमा आयोजित फ्ुटबल प्रतियोगीतामा आयोजकलाई पराजित गर्दै प्रगतिशिल युव क्लब गौरीपुर टिमले प्रथम उपाधि चुम्न सफल भएको छ ।

माडरस्थित ब्रजमोहन झबुराम जनता माध्यमिक विद्यालयको प्राङणमा आयोजित खेल बराबरमा टुङ्गिएपछि टाइब्रेकरमा प्रगतिशीलले ३ को विरूद्ध ४ गोल गर्दै प्रथम उपाथि पाउन सफल भएको आयोजक क्लबका अध्यक्ष संजय कुमार यादवले बताए । दोश्रो पुरस्कार आयोजकले पाएको उनले जनाए । विजेता र उपविजेता क्लबका खेलाडीहरूलाई मेडल समेत प्रदान गरिएको छ ।

प्रथम पुरस्कार वितरण गर्दै सिरहा नगरपालिकाका नगरप्रमुख अषेश्वर प्रसाद यादवले आउँदो फागुन महिनामा माडरकै खेल मैदानमा मेयर गोल्डकप संचालन गरिने बताए । युवाहरूको उत्साहलाई थप उर्जा प्रदान गर्ने अभिप्रायका साथ मेयर गोल्डकप संचालन गरिने उनले बताए ।

'फुटबल खेलले व्यक्तिको पहिचान थोरै समयमा फराकिलो बनाउँद मदत पुग्छ,' मेयर यादवले भने, 'स्वास्थ्य र पहिचानका लागि खेल खेल्नुपर्ने हुन्छ ।' खेल प्रतिभाले पछि परेका व्यक्तिलाई पनि अन्तर्राष्ट्रिय पहिचान र आर्थिक रूपले सबल बनाउने काम गरेको धेरै घटनाक्रम साक्षी रहेको उनले बताए । कुलत तथा व्यर्थको समयमा बर्वाद गर्नुभन्दा खेल क्षेत्रमा लाग्न उनले युवा वर्गलाई आग्रह गरे ।

आयोजक क्लबका अध्यक्ष संजय कुमार यादवको अध्यक्षतामा भएको फाइनल खेलको पुरस्कार वितरण समारोहमा दोश्रो पुरस्कार रामशोभित यादवले वितरण गरेका थिए ।




जनता समाजवादी पार्टी नेपाल प्रदेश नं. २ को कमिटिका कोषाध्यक्ष रेणु यादव, सिरहा नगरपालिका–१५ नंवडाका वडाध्यक्ष धनिकलाल यादव, समाजसेवी सन्तोष अग्रवाल लगायतले फुटवल खेलको महत्व र यसमा युवाको सहभागीताबारे आ–आफ्नो विचार व्यक्त गरेका थिए ।

## तातिएको...

भइरहँदा आम मानिस भीडदेखि थोरै टाढा रहन थाले । यसको असर राजनीतिक अभियानहरूमा पनि पर्न थाल्यो । त्यही कारण आम मानिस राजनीतिक अभियानमा कमै उपस्थित हुन थाले । प्रधानमन्त्री ओलीविरूद्धको प्रदर्शनमा सडक चिसिनुको एउटा कारण कोभिड–१९ पनि देखिन पुग्यो ।

**कमजोर राजनीतिक मुद्दा**

काल परिवर्तन भयो । आम मानिस सचेत भए । तर, राजनीतिक दलहरूका मुद्दा परिवर्तन भएनन् । पूरा गर्न नसक्ने एउटै मुद्दालाई पटकपटक दोहोर्‍याउँदा नेतृत्वप्रति आम मानिसको विश्वास घट्दै गएको देखिन्छ ।

राजनीतिक दलहरूले ठूला–ठूला मुद्दा त उठाए तर आम जनतालाई छुने खालका मुद्दा बेवास्ता गरिदिए । जसका कारण राजनीतिक दलले उठाएका मुद्दाप्रति आम मानिसको चासो घट्दै गएको देखिन्छ । उसो त आम नेपालीलाई सडकमा उतार्नु कुनै गाह्रो विषय होइन । यसलाई पुष्टि गरिसकेका छन् केही अभियानले । स्वास्थ्य क्षेत्रको बेतिथिविरूद्ध समय–समयमा आमरण अनशन बस्ने डा.गोविन्द केसीको समर्थनमा आम मानिस सडकमा उत्रिरहेका हुन्छन् । पछिल्लो समय सामाजिक अभियन्ता 'ई'को पहलकदमीलाई साथ दिँदै राजधानीवासीहरु सडकमा उत्रिएका थिए । उखु आन्दोलनको समर्थनमा पनि मानिसहरु सडकमा उत्रिएकै हुन् ।

**'टेस्टेड' नेतृत्व**

अहिलेको राजनीतिक खिचातानीमा संलग्न जति पनि नेताहरु छन्, ती सबैलाई आम मानिसले 'टेस्ट' गरिसकेका छन् । ठूला दलको नेतृत्वमा रहेका व्यक्ति पटकपटक प्रधानमन्त्री भइसकेका छन् । जसका कारण नेतृत्वको उक्साहटमा आम जनता लागेको देखिँदैन । ०७४ असोजअघि तत्कालीन नेकपा एमाले र माओवादी केन्द्रका नेताहरु पानी बाराबारको जस्तो सम्बन्ध थियो । तर, चुनाव नजिकिएपछि अचानक दुवै दलले चुनावी एकता गरे । जसलाई वाम गठबन्धनको नाम दिइयो । त्यही मंसिरमा भएको प्रतिनिधि सभा निर्वाचनमा तत्कालीन वाम गठवन्धनले बहुमत प्राप्त गर्‍यो । चुनावी तालमेलबाट सुरू भएको वाम गठबन्धनले ०७५ जेठ ३ गते दुई पार्टीबीच एकीकरण भयो । नाम रह्यो–नेपाल कम्युनिस्ट पार्टी (नेकपा) । पार्टीका जोर पाइलट (अध्यक्ष) घोषणा गरिए, केपी शर्मा ओली र पुष्पकमल दाहाल । तर, अहिले तिनै दुई पाइलट फेरि एक अर्काविरूद्धमा उभिएका छन् । सत्ता प्राप्तिका लागि जनमतलाई बेवास्ता गरिदिएका छन् । जसको कारण आम मानिस अलमलमा परे । प्रतिनिधि सभा विघटनविरूद्ध आम मानिस सडकमा नउत्रिनुको एउटा कारण पनि यही रह्यो । नेपाली कांगेस, जनता समाजवादी पार्टीलगायतको नेतृत्वले समय समयमा आफ्नो अडान गुमाएको छ ।

कहिले यतातिर, कहिले उतातिर हिँडिराख्ने नेतृत्वको चलायमान चरित्रका कारण आम मानिसले उनीहरूलाई विश्वास गर्न सकेका छैनन् ।

**वैकल्पिक माध्यम**

सत्ताविरूद्धको आवेगले नै आम मानिसलाई सडकमा उतार्छ । तर, यो समय ती आवेग पोख्ने वैकल्पिक माध्यम अनेक छन् । जसमध्ये सबैभन्दा प्रधावकारी माध्यम बनेको छ, सामाजिक सञ्जाल ।

प्रतिनिधि सभा विघटनविरूद्ध सडकमा पोखिनुपर्ने अक्रोश आम मानिसले सामाजिक सञ्जालमा पोखिरहेका छन् । अहिले प्रधानमन्त्रीको कदमविरूद्ध जति पनि आम मानिसले विरोध गरिरहेका छन्, तीमध्ये अधिकांशको सक्रियता सामाजिक सञ्जालमै देखिन्छ । ***साभार इकागजबाट***

## पकड़ियागढ बचत तथा ऋण सहकारी संस्था लि.

लहान न.पा.–१८, अमही (सिरहा)
शाखा कार्यालय लहान –६, नयाँ बजार

## कर्मचारी आवश्यकता

**यस पकड़ियागढ बचत तथा ऋण सहकारी संस्था लि. लहान–१८, अमही (सिरहा) को लागि निम्न अनुसार कर्मचारी आवश्यक परेको हुँदा योग्य र इच्छुक व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्र, बायोडाटा र १ प्रति फोटो सहित ७ दिन भित्र आवेदन आव्हान गरिन्छ ।**

| क्र.सं. | पद | संख्या | शैक्षिक योग्यता | तलब/भत्ता |
|---|---|---|---|---|
| १. | बजार प्रतिनिधि | ५ | एस.एल.सी./ + २ पास/सो सरह | संस्थाको नियम अनुसार सेवा सुविधा प्रदान गरिने छ। |

**सम्पर्क :– ९८५२८३१९११, ९८०३८४९८५८, ९८४२८२४६५६**

## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत–लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

**१. न्यानो कपडाको जोहो समयमै गरौं । २. शीत–लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत–लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत–लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

**बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा**
**अर्नमा गाउँपालिका कार्यालय, सिरहा**
**नवराजपुर गाउँपालिका कार्यालय, सिरहा**
**भगवानपुर गाउँपालिका कार्यालय, सिरहा**
**लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा**
**औरही गाउँपालिका कार्यालय, सिरहा**
**सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा**
**विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा**
**नरहा गाउँपालिका कार्यालय, सिरहा**




लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले–आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका–१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)